ऐन संख्या
सभाबाट स्वीकृत मिति :-

# स्वामीकार्तिक खापर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### सुइजिउला,वाई बाजुरा
### ०७ नं प्रदेश

# स्वामी कार्तिक खापर गाउँपालिकाको गाउँ प्रहरी विनियमावली, २०७४

२०७४

# स्वामकिार्तिक खापर गाउँपालिकाको गाउँ प्रहरी विनियमावली, २०७४

**प्रस्तावना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ उपदफा (१) (२) को क.बमोजिम र स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१३ (ग), २७५ ले दिएको अधिकार प्रयोग गरी स्वामकार्तिक खापर गाउँपालिकाले यो गाउँ प्रहरी सम्वन्धि विनियमावली २०७४ बनाई लागू गरेको छ ।

## परिच्छेद - एक

**प्रारम्भिक**

**१.१. संक्षिप्त नाम र प्रारम्भ**

क) यो विनिमावलीको नाम "गाउँपालिका गाउँ प्रहरी सम्वन्धि विनियमावली २०७४" रहेको छ ।

ख).यो विनियमावली गाउँपालिकाको गाउँसभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

**१.२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमाः–

क) "ऐन" भन्नाले स्थानीय सरकारसंचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ लाई सम्झनु पर्दछ ।

ग) " गाउँपालिका" भन्नाले स्वामीकार्तिक खापर गाउँलिकालाई सम्झनु पर्दछ ।

घ) "मुख्य कार्यालय"भन्नाले स्वामीकार्तिक खापर गाउँपालिका रहेको मुख्य कार्यालयलाई सम्झनु पर्दछ ।

ङ) "समिति" भन्नाले स्वामीकार्तिक खापरको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

च) " गाउँप्रहरी" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ छ) "स्थायी पद" भन्नाले म्याद नतोकिएको गाउँपालिको सभाद्धारा स्वीकृत स्थायी पदलाई सम्झनु पर्दछ ।

ज) "परिवार" भन्नाले गाउँ प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा गाउँ प्रहरी विनियमावली २०७४ पेज नं. घ सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, वज्यै तथा महिला गाउँ प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।

झ) "भत्ता" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

ञ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

ट) "बोर्ड" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गठन हुने गाउँपालिकाको कार्यकारिणी समितिलाई सम्झनु पर्दछ ।

ठ) "सभा" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको गाउँ सभासम्झनु पर्दछ ।

ड) "कार्यकारी अधिकृत" भन्नाले स्वामीकार्तिक खापर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ढ)"प्रमुख प्रशासकिय अधिकृत" भन्नाले स्थानिय सरकार संचालन ऐन,२०७४ मा भएको ब्यबस्था अनुसारको तोकिएको स्वामीकार्तिक खापर गाउँपालिकाको प्रशासन प्रमुखलाई सम्झनु पर्दछ ।

ण) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

त) जवान भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

थ) गाउँ प्रहरी कर्मचारी भन्नाले गाउँ प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

**३) विनियमावलीको व्याख्या गाउपालिकाले गर्ने :**

क) कुनै अधिकारीले यस विनियमावलीको प्रयोग गदा गाउँ प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँकायृपालिका (वोर्ड) समक्ष निवेदन दिन सक्नेछ ।

ख) विनियम ३ (क) को सम्वन्धमा गाउँपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

## परिच्छेद २
## गाउँ प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४) गाउँ प्रहरी सेवाको गठन :**

क) गाउँपालिकामा एक गाउँ प्रहरी सेवा समुह रहने छ । गाउँ प्रहरी सेवाको गठन र त्यसमा रहने गाउँ प्रहरी कर्मचारीहरुको संख्या सभाले तोके बमोजिम हुनेछ ।

**५) गाउँपालिकामा रहने गाउँ प्रहरीको पद र तह :**

१) सभाले तोकेको पद र तह रहनेछन ।

२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ । गाउँ प्रहरी विनियमावली २०७४

३) गाउँ प्रहरी प्रमुख लगायत गाउँ प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार स्थानिय सरकार संचालन ऐन २०७४ मा तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद - ३
## गाउँ प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार

**६) गाउँ प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

(१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(२) गाउँ क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने ।

(३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

(४) गाउँ क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने । लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापन गर्ने, गराउने।

(६) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(७) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(८) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(९) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१०) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(११). गाउँकार्यपालिका वोर्ड, समिति, उपसमिति, प्रदेश सरकार तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने नगर प्रहरी विनियमावली २०७४ को प्रमुख कार्य हुनेछ ।

(१२) गाउँको सुव्यवस्था कायम गर्ने, गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(१३) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(१४) गाउँक्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।
(१५) विना ईजाजत व्यानर, होडिङ्ग बोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।
(१६) गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।
(१७). नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।
(१८) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।
(१९) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।
(२०) स्वामीकार्तिक खापर गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।
(२१) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।
(२२) गाउँमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने।
(२३) गाउँपाकिाको क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।
(२४) दमकल (Fire Brigade) सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।
(२५) विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने।
(२६) गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।
(२७) स्वामीकार्तिक खापर गाउँपालिका अर्न्तगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।
(२८) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।
(२९) गाउँकार्यपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद - ४
## तह विभाजन र पदपूर्ति

**७) स्थायी पद श्रृजना तथा दरवन्दी खारेज :**

१) गाउँपालिकामा रहने गाउँ प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी सभाले निर्णय गरे वमोजिम हुनेछ ।

२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौज्जुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा्समक्ष पेश गर्नु पर्नेछ ।

८) गाउँ प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः गाउँ प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्धारा पूर्ति गरिनेछ ।

१) गाउँ प्रहरी निरीक्षक

२) गाउँ प्रहरी सहायक निरीक्षक

३) गाउँ प्रहरी जवान सहयोगी

४) गाउँ प्रहरी

**९) नियुक्ति गर्ने अधिकारी :** पदपूर्ति समितिको सिफारिसमा गाउँकार्यपालिकाले गाउँ प्रहरीको नियुक्ति गर्नेछ । गाउँ प्रहरी निरीक्षक पदमा साठी प्रतिशत र गाउँ प्रहरी सहायक निरिक्षकमा चालिस प्रतिसत प्रतिसतको आधारमा नियुक्ति गर्ने ।

**१०) पदपूर्ति गर्ने तरिका :**

१) निरीक्षक पदमा चालिस प्रतिशत खुल्ला प्रतियोगिताद्वारा र बाँकी बढुवाद्धारा पदपूर्ति गरिनेछ

२) गाउँ प्रहरी जवान पद र सहयोगी पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

३) विनियम १० (१) र (२) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा गाउँ प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो बमोजिम गरिने छ ।

**११)** गाउँ प्रहरी विनियमावली २०७४ को समपूर्ण पदलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवारका बिचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

१) महिला २० प्रतिशत

२) आदिबासी/जनजाति ५० प्रतिशत

३) दलित १५ प्रतिशत

४) मधेसी २८ प्रतिशत

**५) पिछडिएको क्षेत्र ५ प्रतिशत स्पष्टीकरण :**

(१) यस विनियमावलीको प्रयोजनको लागि पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(२) यस विनियमावलीको खण्ड १,२,३,४,५ को प्रयोजनको लागि महिला आदिवासी, जनजाती, मधेसी र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी /जनजाति, मधेसी र दलितलाई सम्झनु पर्छ ।

(४) उपविनियम ३ वमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए वमोजिम हुनेछ । तर त्यसरी नतोकेसम्मको लागि जुनसुकै महिला, आदिवासी/जनजाति र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

(५) उपनियम १० (३) वमोजिम छुट्याइएका पदको लागि दरखास्त पेश गर्दा देहायवमोजिमका प्रमाण संलग्न हुनुपर्नेछ ।

(१) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी/ जनजातिका लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/ जनजाति भनी प्रमाणित भएको ।

(२) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

(क) मधेसीका लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित भएको हुनुपर्नेछ । तर स्थानिय सरकार राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्मको लागि सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित भएको प्रमाण पेश गर्नुपर्नेछ ।

(३) उपनियम १० (३) वमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताक

( फ्रयाक्सन) आएमा त्यस्तो घतांक जुन समुदायको हकमा आएको हो सोभन्दा लगतै पछिको समुदायमा सर्दै जानेछ ।

(४) गाउँप्रहरी विनियमावली २०७४ (४) उपनियम १० (३) वमोजिम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

**१२) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :** (क) गाउँ प्रहरी निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्ः

१) दरखास्त आब्हान भएको सालको वैशाख १ गते २१ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको । तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला गाउँ प्रहरीको हकमा ३५ वर्ष ननाघेको ।

२) स्वीकृत विश्वविद्यालयबाट घटीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

३) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

४) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ।

५) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई

७) छाती नफुलाउदा घटीमा ३१ इन्च र फुलाउदा ३३ इन्च भएको ।

८) आखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
१०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**१३)खुल्ला प्रतियोगितामा भाग लिन गाउँप्रहरी सहायक निरीक्षकको पदको लागि आवश्यक न्यूनतम योग्यता :**

क) दरखास्त आव्हान गरेको सालको बैशाख १ गते १८ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको र वहालवाला गाउँ प्रहरीको हकमा ३५ वर्ष ननाघेको ।
ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको
ग) अन्य विनियम १२ मा तोकिए वमोजिम हुनेछ ।

**१४) पदपूर्ति समिति :** गाउँ कार्यपालिकाको पदपूर्ति समिति नै गाउँ प्रहरीहरुको पदपूर्ति समिति हुनेछ । गाउँ प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि र गाउँप्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**१५) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :**

(१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) विनियम १० बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।
(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।
(ग) पदपूर्ति कार्यतालिका बनाउने ।
(घ) परीक्षाको किसिम तोक्ने ।
(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।
(च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।
(छ) नियुक्तीका लागि सिफारिश गर्ने ।
(ज) प्रदेश लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसाग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले गाउँ प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

**१६) योग्यताक्रम सूची तयार गर्ने :**

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।
(२) विनियम १६ (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।
(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र गाउँपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) विनियम १६ (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकिय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**१७) जेष्ठताक्रम कायम गर्ने :**

(१) गाउँ प्रहरी निरीक्षक र गाउँ प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

(२) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१८) परीक्षणकालमा राखिने :**

(१) नयाँ नियुक्त गरिएका गाउँ प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिनेछ । सो अवधिमा गाउँ प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा गाउँकार्यपालिकाले निर्णय गरे बमोजिम हुने छ । गाउँ प्रहरी विनियमावली २०७४ को प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले थप छ महिना परीक्षणकालमा राख्न सक्नेछ । महिला गाउँ प्रहरी कर्मचारीको हकमा ६ महिना मात्र परिक्षणकाल रहनेछ । तिन महिना परिक्षणकाल थप गर्न सकिनेछ ।

(२) विनियम १८ (१) वमोजिम थप भएको परीक्षणकालमा रहेको कुनै गाउँप्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले अवकाश दिनेछ ।

**१९) नियुक्ति सदर :**

(१) विनियम १८ (१) वमोजिमको परीक्षण कालमा रहेको गाउँप्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा गाउँअधिकृत आधारभूत तालिममा उत्तीर्ण भएमा गाउँपालिकाको झण्डा र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

(२) विनियम १९ (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

**२०) गाउँ प्रहरी जवान र गाउँ प्रहरी सहयोगी पदमा भर्ना :**

(१) गाउँप्रहरी जवान र गाउँ प्रहरी सहयोगी पदमा नियुक्ति हुन चाहने उम्मेदवारले गाउँकार्यपालिकाले तोके वमोजिमको फारम भरी खुलेको समयमा पदपूर्ति समितिमा निवेदन दिनु पर्ने छ ।

(२) विनियम २० (१) वमोजिम निवेदन दिने उम्मेदरवारको देहायको योग्यता पुगेको हुनुपर्नेछ ।

क) गाउँप्रहरी जवान पदको लागि छनौट हुने सालको वैशाख १ गते १८ वर्ष उमेर पुगेको र २३ वर्ष ननाघेको तथा गाउँ प्रहरी सहयोगी पदको लागि छनौट हुने सालको वैशाख १ गते १६ वर्ष उमेर पुगेको र ३५ वर्ष ननाघेको ।

ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवेशिका पास गरेको ।

ग) नैतिकपतन देखिन फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) राजनीतिक पार्टीको सदस्य नरहेको ।

ङ) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।

च) स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
छ) आखा माईनस १५ वा प्लस १५ भन्दा वढी कमजोर नभएको ।
ज) छाती नफुलाउादा घटीमा ३० इन्च र फुलाउादा ३२ इन्च भएको ।
झ) नेपाली नागरिक ।
ञ) महिलाको लागी घटीमा ५.२ फिट र पुरुषको लागी घटीमा ५ फिट ५ इन्च उचाई भएको।

**२१) नियुक्ति सदर :**

(१) विनियम १८ (१) वमोजिमको परीक्षण कालमा रहेको गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र गाउँ आधारभूत तालिममा उत्तीर्ण भएमा गाउँपालिकाको झण्डा र राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

(२) विनियम २१ (१) वमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको **अवधिमा गणना गरिनेछ ।**

(३) वैकल्पिक उम्मेदवारको रुपमा रहेका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस पेश गर्नेछ ।

(४) नियुक्तिको लागि सिफारिस भएको मितिले पैतीस दिनभित्र गाउँपालिकाले नियुक्तिपत्र दिन निर्णय गरी सक्नु पर्नेछ ।

(५) विनियम २१ (४) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकिय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

२२) जेष्ठताक्रम कायम गर्ने : गाउँ प्रहरी निरीक्षक र गाउँ प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ । वहालवाला गाउँ प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै जेष्ठताक्रम मानिनेछ ।

## परिच्छेद - ५
## सरुवा तथा वढुवा

**२३) सरुवा सम्बन्धी व्यवस्था :** अधिकृतस्तरको गाउँ प्रहरी कर्मचारीको सामान्यतया वर्षको एक पटक गाउँ प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले सरुवा गर्नेछ । अन्य गाउँप्रहरी कर्मचारीहरुकोसरुवा प्रमुख प्रशासकिय अधिकृतको निर्देशन बमोजिम गाउँप्रहरी प्रमुखले गर्नेछ ।

**२४) वढुवा गर्ने अधिकारी:** पदपूर्ति समितिको सिफारिसमा स्वामीकार्तिक खापर गाउँकार्यपालिकाले नीति बनाई बढुवा गर्नेछ ।

**२५) वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधि :**

(१) गाउँ प्रहरी हवल्दारदेखि गाउँप्रहरी नायव निरीक्षकसम्म एकतह मुनिको पदमा कम्तिमा तीन वर्षको अवधि पुगेको र अधिकृतस्तरका प्रहरी कर्मचारीको हकमा एक तह मुनिको पदमा कम्तिमा ५ वर्ष स्थायी सेवा अवधि पुगेको हुनुपर्नेछ ।

(२) विनियम २५ (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा कुनै पनि गाउँ प्रहरी कर्मचारीको वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्न सक्ने छैन ।

क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,
ख) वढुवा रोक्का गरिएकोमा सो अवधिभर,
ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,
घ) तलब वृद्धि रोक्का भएकोमा वा तल्लो टायम स्केलमा वा त्यही टायम स्केलको तल्लो स्केलमा घटुवा भएको मितिले एक वर्षसम्म,
ङ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,
च) सेवा परिवर्तन गराई गाउँ प्रहरी सेवामा प्रवेश गरेको गाउँप्रहरी कर्मचारी भएमा सेवा परिवर्तन भएको मितिले एक वर्षसम्म

**वढुवा गर्दा कार्य क्षमताको मूल्याकंन गर्ने आधार : गाउँ प्रहरी कर्मचारीलाई वढुवा गर्दा**
२६) विनियमावली वमोजिम कार्य क्षमताको मूल्याकंन गरी सबैभन्दा वढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले वढुवा गरिनेछ । तर समान अंक प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछ :

क) एकतह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यताक्रमकोआधारमा
ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा
ग) खण्ड (ख) वमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा
घ) गाउँप्रहरी कर्मचारीको कार्यक्षमताको मूल्याकंन गर्दा देहायका कुराहरुलाई आधार मानिने छ ।

१. नोकरीको जेष्ठता
२. कार्यसम्पादन मूल्याकंन
३. शैक्षिक योग्यता
४. तालिम

ङ) जेष्ठताको अंक गणना गर्दा हाल वहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अंकका दरले वढीमा ३० अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा एक वर्षभन्दा वढी महिना वा दिनको लागि दामासाहीका हिसावले अंक दिइनेछ ।
च) वढुवाका लागि गाउँप्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अंक दिईने छ ।
छ) शैक्षिक योग्यता वापत बढीमा १५ (पन्ध्र) अंक दिइनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहाय बमोजिम गरिनेछ । शैक्षिक योग्यता प्रथम द्बितिय तृतिय कैफियत
१.हाल वहाल रहेको पदमा १० ८ ६ नयाँ नियुक्ति दिदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा २. आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो सम्बन्धित एउटा भएमा ५ ४ ३ तर

(१) श्रेणी नखुलेको शैक्षिक प्रमाण पत्रको हकमा विश्वविद्यालयले स्तर निर्धारण गरेकोमा सोही अनुसारको श्रेणी कायम गरी र सो नभएमा द्वितीय श्रेणी सरहको अंक दिइनेछ ।

(२) कम्पार्डमेन्टल परीक्षा पास गरेको भए तृतीय श्रेणी मानिनेछ ।

(ज) कार्य सम्पादन वापत कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लेख भए अनुसार कार्य सम्पादन मूल्याङ्कन गरी बढीमा ५० अंक दिइनेछ ।

(झ) तालिम वापत प्रथम, द्वितीय र तृतीय श्रेणीको लागि क्रमश: पाँच, चार र तीन अङ्क दिइनेछ ।

## परिच्छेद - ६
## गाउँकार्यपालिकाको प्रशासन र गाउँ प्रहरीको सम्वन्ध

**२७) गाउँपालिका प्रशासनको नियन्त्रण रहने :** गाउँ प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त गाउँप्रहरी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकिय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

**२८) गाउँप्रहरी प्रमुख मार्फत लेखापढी हुने :** गाउँपालिकाले गाउँप्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया गाउँप्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

**२९) कारवाही गर्दा परामर्श लिने :** कुनै पनि अधिकृत तहका गाउँ प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार गाउँप्रहरी प्रमुखको परामर्श लिन सक्नेछ

## परिच्छेद - ७
## विदा

**३०) विदा अधिकारको कुरा होइन**

(१) गाउँ प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको गाउँप्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदाको किसिमहरु : गाउँ प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन :

१) भैपरी आउने र पर्व विदा
२) घर विदा
३) विरामी विदा
४) किरिया विदा
५) प्रसुती विदा
६) सट्टा विदा

७) अध्ययन विदा
८) असाधारण विदा
९) अन्तर्राष्ट्रिय संघ संस्थामा काम गर्न विदा दिन सकिने
(१०) प्रसुति स्याहार विदा

विदाको सेवासुविधा गाउँकार्यपालकिाको निर्णमा आधारित हुनेछ ।

**३१) विदा नलिई घर वस्ने गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने :**

(१) यस विनियमावली वमोजिम विदा नलिई गाउँप्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन ।

(२) उपनियम (१) को उल्लंघन गरी गैर हाजिर हुने गाउँप्रहरी कर्मचारीलाई गाउँपालिकाले सेवाबाट हटाउन सक्नेछ । तर निकास नहुँदै विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन ।

**३२) भैपरी/पर्व विदा :**

(१) गाउँ प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउने छ ।

२) भैपरी/पर्व आउने विदा साधारणत : एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ ।

३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) विदा बस्नुपरेमा कुनै प्रहरी कर्मचारीले विदाको स्वीकृति लिई रहन नभ्याएमा विदा वसेपछि स्वीकृत गराए पनि हुन्छ ।

५) भैपरी/पर्व विदा वसेका गाउँ प्रहरी कर्मचारीहरुले पूरा तलव, भत्ता, राशन पाउनेछ ।

६) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसाग मिलाई लिन पाइने छैन ।

**३३) घर विदा :**

(१) गाउँ प्रहरी कर्मचारीले प्रत्येक साल ३० दिनका दरले घर विदा पाउने छ ।

(२) घर विदा वढीमा एक सय असी दिनसम्म संचित राख्न सकिनेछ ।

(३) गाउँ प्रहरी कर्मचारीलाई वर्षमा एक पटक घर विदा जाादा र विदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा आउँदा हिड्नु पर्ने भएमा ७ कोशको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको वाटोको लागि जति दिन लाग्ने हो त्यति दिन बाटोको म्याद दिन सकिनेछ ।

(४) जुनसुकै रुपले सेवाबाट हट्ने गाउँ प्रहरी कर्मचारीले निजको बढीमा एक सय असी दिनसम्मको घर विदा वापत निजको पदाधिकार रहेको पदबाट खाईपाई आएको तलवको दरले हुन आउने रकम एकमुष्ट पाउनेछ ।

(५) घर विदामा वसेको गाउँ प्रहरी कर्मचारीले पूरा तलव, भत्ता र राशन पाउने छ ।

(६) निलम्वनमा रहेको प्रहरी कर्मचारीले सो अवधिभरको घर विदा, रासन भत्ता र पोशाक सुविधा पाउने छैन ।

**३४) विरामी विदा :**

(१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्वन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन वाहेक प्रत्येक गाउँप्रहरी कर्मचारीले वर्षको १२ दिन तलब, भत्ता र राशनसहित विरामी विदा पाउने छ।

(२) गाउँ प्रहरी कर्मचारी अशक्त भई संचित विरामी विदाले नपुग भएमा निजलाई बढीमा बाह्र दिनसम्मको पेश्की विदा दिन सकिनेछ।

(३) प्रहरी कर्मचारीले विरामी विदा संचित गर्न सक्नेछ र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलग भएमा निजले संचित विरामी विदावापत आफ्नो पदाधिकार रहेको पदबाट खाईपाई आएको मासिक तलवका दरले हुन आउने रकम एकमुष्ट पाउनेछ। तर संचित विदाको रकम लिन नपाउदै कुनै गाउँ प्रहरी कर्मचारीको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले एकमुष्ट लिन पाउनेछ।

(४) सात दिनभन्दा वढी अवधिको विरामी विदा माग गर्ने गाउँप्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ। तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र पेश नगरी विदा दिन सक्नेछ।

(५) कुनै ठूलो वा कडा रोग लागी सो कुरो स्वीकृत चिकित्सकले प्रमाणित गरी दिइएको प्रमाणपत्र पेश गरेमा गाउँप्रहरी कर्मचारीले वढीमा ४५ दिनसम्म थप विरामी विदा पाउन सक्नेछ। यस्तो विरामी विदा लिने गाउँ प्रहरी कर्मचारीको पाकी सकेको वा पाक्ने घर विदाबाट प्रत्येक दुई दिन थप विरामी विदावापत एक दिनका दरले घर विदा कट्टा गरिनेछ।

(६) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न विरामी विदा र घर विदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी गाउँ प्रहरी कर्मचारीले पछि पाउने विरामी विदा र घर विदाबाट कट्टा हुने गरी पैतालीस दिनसम्म थप विरामी विदा पेश्कीको रुपमा लिन सक्नेछ। त्यसरी पेश्की विरामी विदा लिई बसेको गाउँप्रहरी कर्मचारीले पुरा तलव, भत्ता र राशन पाउनेछ।

(७) उपनियम (५) वमोजिम लिएको विदाले नपुग भई थप विदा लिनु परेमा नेपाल सरकार र प्रदेश सरकारले तोकेको मेडिकल वोर्डको सिफारिसमा गाउँ प्रहरी कर्मचारीले असाधारण विदा लिन सक्नेछ।

(८) उपनियम (५) वमोजिम पेश्की विरामी विदा लिने गाउँ प्रहरी कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको विरामी विदा स्वतः मिनाहा हुनेछ।

(९) निलम्वनमा रहेको गाउँ प्रहरी कर्मचारीले सो अवधिभरको विरामी विदा पाउने छैन।

**३५) किरिया विदा :**

(१) गाउँप्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ। यस्तो विदा महिला गाउँ प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ।

(२) यस्तो किरिया विदा बस्ने गाउँप्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

**३६) प्रसूती विदा :**

(१) महिला गाउँ प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ५० दिन प्रसूती विदा पाउनेछ।

(२) प्रसूती विदा वस्ने महिला गाउँ प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ।

(४) माथि उल्लेख भएअनुसारको विदाको अभिलेख कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ।

**३७) प्रसूती स्याहार विदा :**

(१) प्रसूति स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिईएको सुविधा उपभोग गर्न पाउनेछ।

(२) गाउँ प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ। यो विदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ।

(३) प्रसूति स्याहार विदामा वस्ने कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

(४) प्रसूति स्याहार विदा लिने गाउँप्रहरी कर्मचारीको विदा स्वीकृत गर्ने कार्यालयले अध्यावधिक बनाई राख्नुपर्नेछ।

(५) सुत्केरी स्याहार विदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

**३८) सट्टा विदा :** कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने गाउँ प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ। तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन।

**३९) अध्ययन विदा :**

(१) गाउँ प्रहरीको सेवालाई र आवश्यक पर्ने विषयमा स्थानीय सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा सम्बन्धित मन्त्रालयको स्वीकृति लिई खुला प्रतियोगिता वा अन्तर स्थानीय सरकार प्रतियोगितामा वा स्थानीय सरकारबाट मनोनयन भई अध्ययन गर्न जाने गाउँप्रहरी कर्मचारीले अध्ययन अवधिभर अध्ययन विदा पाउन सक्नेछ।

(२) गाउँ प्रहरी कर्मचारीले सेवा अवधिभरमा एकैपटक वा पटक पटक गरी तीन वर्षसम्म अध्ययन विदा पाउनेछ। तर कार्यालयले आवश्यक ठानेको अवस्थामा अध्ययन विदाको अवधिमा दुई वर्षसम्म थप गर्न सक्नेछ।

(३) माथि जुनसुकै कुरा लेखिएको भएतापनि अध्ययनको निमित्त मनोनयन भई अध्ययन विदा लिई गएको गाउँ प्रहरी कर्मचारीलाई थप विषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नको निमित्त अध्ययन विदा थपिने छैन र असाधारण बिदा दिइने छैन।

(४) अध्ययन विदामा बस्दा गाउँ प्रहरी कर्मचारीले तलब पाउने छैन।

(५) सम्वन्धित सेवा समूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा गाउँ प्रहरीलाई उपनियम (२) बमोजिम अध्ययन विदा दिन सकिनेछ । तर यस अध्ययन विदामा बस्ने गाउँप्रहरी कर्मचारीले तलब, भत्ता, राशन र पोशाककोसुविधा पाउने छैन ।

(६) तीन वर्ष स्थायी सेवा अवधि नपुगी कुनै पनि गाउँ प्रहरी कर्मचारीले अध्ययन विदा पाउन सक्ने छैन ।

**स्पष्टीकरण** : यस विनियमावली बमोजिम कुनै गाउँ प्रहरी कर्मचारीले गरेको अस्थायी सेवा अवधि स्थायी सेवा अवधिमा गणना भएको रहेछ भने यस विनियमको विनियम ४० उपविनियम (१) प्रयोजनको लागि सो अस्थायी सेवा अवधि समेत गणना गरिनेछ ।

(७) कुनै आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नको निमित्त अत्यावश्यक भएको तालिम प्राप्त गर्नको लागि गाउँकार्यपालिकाले गाउँप्रहरी कर्मचारीलाई मनोनयन गरी पठाउनु परेमा त्यस्तो तालिम अवधिभर निजलाई काजको रुपमा पठाइनेछ र सो अवधिभर निजलाई पूरा तलब, भत्ता र राशन दिइनेछ ।

**४०) असाधारण विदा :**

(१) गाउँ प्रहरी कर्मचारीले असाधारण विदा लिनु पर्दा विदा लिनुपर्ने कारण सहित निवेदन दिनु पर्नेछ र कारण मनासिव देखिएमा गाउँपालिकाले एक पटकमा एक वर्षमा नबढाई र सेवा अवधिभरमा तीन वर्षमा नबढाई असाधारण विदा दिन सक्नेछ ।

(२) असाधारण विदामा बस्ने गाउँ प्रहरी कर्मचारीले सो अवधिभर तलब, भत्ता र राशन सुविधा पाउने छैन । तर विनियम ३५ को उपनियम (६) वमोजिम असाधारण विदामा वस्ने नगर प्रहरी कर्मचारीले त्यस्ता विदामा वसेको अवधिका पूरा तलव पाउनेछ ।

(३) पाँच वर्ष गाउँ प्रहरी सेवामा काम नगरेको कर्मचारीले असाधारण विदा पाउने छैन । तर

(क) विनियम ३५ को उपनियम (६) वमोजिम थप विरामी विदा वापत असाधारण विदामा वस्न यस नियमले वाधा पुऱ्याएको मानिने छैन ।

(ख) निजी प्रयासमा अध्ययन गर्न चाहने गाउँ प्रहरी कर्मचारीले दुई वर्षको सेवा अवधि पूरा गरेपछि नियम (१) को अधिनमा रही एकै पटक वा पटक पटक गरी वढीमा तीन वर्षसम्म असाधारण विदा पाउन सक्नेछ । (४) गाउँ प्रहरी कर्मचारीले लिएको असाधारण विदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

**४१) अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न विदा दिन सकिने :** कुनै गाउँ प्रहरी कर्मचारीले विदा लिई अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न जान निवेदन दिएमा गाउँ प्रहरी कर्मचारीको सेवा समूहसँग सम्बन्धित सेवा समूहसँग सम्बन्धित बिषयमा निजले पाउन सक्ने असाधारण विदाबाट कट्टा हुने गरी पछि नगर प्रहरी सेवामा फर्कि आउने कवुलियत गराई निजलाई त्यस्तो सेवा गर्न जानको लागि अनुमति दिन सक्नेछ ।

**४२) बिदा माग गर्ने विधि :**

(१) विदाको निकासाका निमित्त गाउँ प्रहरी कर्मचारीले आफूलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई आफ्नो कार्यालय मार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो गाउँ प्रहरी कर्मचारीलाई दिनु पर्नेछ ।

(२) देहायको कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मितिभन्दा अघिको मितिबाट बिदा स्वीकृत गर्न सक्नेछ ।

क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति दिन सम्भव थिएन भन्ने,

ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने ।

(३) अध्ययन विदाको लागि निवेदन दिंदा अरु कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख गर्नुपर्नेछ :

क) आफूले अध्ययन गर्न खोजेको विषयको विवरण,

ख) अध्ययन गरिने विश्वविद्यालय, संस्था वा प्रशिक्षण केन्द्रमा प्रवेश गर्ने स्वीकृति प्राप्त भएको कागजात,

ग) गाउँ प्रहरी कर्मचारीलाई त्यस्तो विदाको सम्वन्धमा सहयोग पुऱ्याउन सक्ने अन्य आवश्यक कागजात ।

**४३) विदा दिने अधिकारी: देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :**

**विदाको किसिम विदा स्वीकृत गर्ने अधिकारी**

१. भैपरी आउने र पर्व विदा गाउँ प्रहरी प्रमुख

२. घर विदा प्रमुख प्रशासकिय अधिकृत

३. विरामी विदा प्रमुख प्रशासकिय अधिकृत

४. प्रसूति विदा प्रमुख प्रशासकिय अधिकृत

५. किरिया विदा प्रमुख प्रशासकिय अधिकृत

६. अध्ययन विदा असाधारण विदा स्वामकिार्तिक खापर गाउँपालिका वोडर्ले

७. अन्तर्राष्ट्रिय संघ, संस्थामा सेवा गर्न विदा दिन सकिने गाउँकार्यपालिका बोर्डले यसरी स्वीकृत भएका विदाहरुको अभिलेख १५ दिन भित्र गाउँ प्रशासन तथा शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

**४४)विदा परिणत नहुने :** यस परिच्छेद बमोजिम गाउँ प्रहरी कर्मचारीले जुन विदा लिई बसेको हो सोही विदा नै उपभोग गर्नु पर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसूति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

**४५) सार्वजनिक विदा गाभिने :** भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको गाउँप्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ ।

**४६) कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा नलिई कार्यालयमा अनुपस्थित हुने गाउँप्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

**४७) विदा लिने विधि :**

(१) यस परिच्छेदवमोजिम विदा लिन चाहने गाउँ प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा मार्फत विदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु

पर्नेछ । विदा स्वीकृत भए नभएको सम्वन्धित शाखा प्रमुखले सम्वन्धित कर्मचारीलाई दिनुपर्नेछ ।
(२) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखिकन मात्र विदा दिने वा नदिने निर्णय गर्नेछ ।
(३) भैपरी आउने विदाको सम्वन्धमा विदा स्वीकृत गर्ने अधिकारीले उपनियम (१) वमोजिम दरखास्त नदिए पनि आफ्नो तज्बीजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो विदाको स्वीकृत दिन सक्नेछ ।
(४) देहायमा लेखिएवमोजिमका कुरामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले विदाको लागि दरखास्त परेको मितिभन्दा अगाडिदेखि पनि विदा वस्न पाउने गरी निवेदकलाई विदा दिन सक्नेछ ।
(क) विदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन भने वा
(ख) पूर्व स्वीकृतिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने । तर विदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृति हुन गई त्यसको फलस्वरुप विदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ ।

**४८)विदाको अभिलेख :** विदा दिने अधिकारीले आफ्नो मातहतका सबै गाउँ प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ ।

**४९) निकासा लिन नभ्याएमा :** कुनै गाउँ प्रहरी कर्मचारीलाई आवश्यक परी विदामा नवसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो विदा स्विकृत हुने देखिएमा निजले त्यस्तो गाउँप्रहरी कर्मचारीलाई विदामा बस्न लिखित आदेश दिई त्यसको सूचना विदा दिने अधिकारी समक्ष पठाउनुपर्छ ।

**५०) गयल खाली जनाउने :** कुनै गाउँ प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ गाउँपालिका प्रशासन तथा संगठन विकास विभागमा पठाई सके पछि सम्वन्धित नगर प्रहरी कर्मचारीले विदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्वन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ । सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा गाउँ प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्वन्धित अधिकृतले विदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ ।

**५१) झुठो कारण देखाएमा सजाय हुने :** कुनै गाउँ प्रहरी कर्मचारीले कुनै झुठ्ठा कारण देखाई विरामी विदा, किरिया विदा र प्रसूती विदा लिई वसेको ठहरिएमा त्यस्तो गाउँ प्रहरी कर्मचारी सजायको भागी हुनेछ ।

**५२) तालिम अवधिमा विदा वस्नेवारे :** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनै विदा दिइने छैन ।

**५३) सञ्चित विदा उपभोग गर्न पाउने :** यो नियमावली प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित सेवा सर्त सम्वन्धी विनियम वमोजिम कुनै गाउँ प्रहरी कर्मचारीको घर विदा वा विरामी विदा

सञ्चित रहेको भए निजले सो सञ्चित विदा यस विनियमावली वमोजिम उपभोग गर्न पाउनेछ ।

## परिच्छेद ८
## आचरण

**५४) दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि गाउँ प्रहरी र निजको परिवारका सदस्यसमेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

**५५) चन्दा लिन नहुने :** कुनै गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**५६)स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने:** गाउँकार्यपालिकालाई पूर्व सूचना नदिई कुनै पनि गाउँ प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन । स्वामीकार्तिक खापर गाउँकार्यपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

**५७) सम्पत्तिको विवरण दिनुपर्ने :** (१) हाल वहालमा रहेको गाउँ प्रहरी कर्मचारीले यो विनियमावली लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका गाउँ प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र गाउँपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ ।

१. आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

२. आफूसाग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाादीको अन्दाजी मूल्य ।

३. उपविनियम १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको गाउँ प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसाग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

४. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक गाउँ प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

**५८) व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि गाउँ प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हादैन :

१. कुनै व्यापार गर्न

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र
३. कुनै व्यवसाय चलाउन ।

**५९) गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :** गाउँ प्रहरी कर्मचारीले गाउँकार्यपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत गाउँप्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

**६०)रेडियो वा पत्रिकासाग सम्पर्क राख्न नहुने** : गाउँ प्रहरी कर्मचारीले गाउँकार्यपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

**६१) गाउँपालिकाको आलोचना :** गाउँप्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र गाउँबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

**६२)निर्वाचनमा भाग लिन नहुने :** गाउँ प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**६३)राजनीतिमा भाग लिन नहुने :** गाउँ प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

**६४) समय पालन र नियमितता :** गाउँ प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हादैन ।

**६५)अनुशासन र आज्ञापालन :**

(१) गाउँ प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।
(२) गाउँ प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।
(३) गाउँ प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

**६६)गाउँ प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने :** गाउँ ँ प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

**६७)बहुबिबाह, बालबिबाह, अनमोल बिबाह प्रतिवन्धः** गाउँ प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

# परिच्छेद - ९
# सजाय र पुनरावेदन

**६८) सजाय :** उचित र पर्याप्त कारण भएमा गाउँ प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

१. नसिहत दिने ।
२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।
३. तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।
४. तल्लो तहमा घटुवा गर्ने ।
५. लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।
६. भविष्यमा स्थानीय निकाय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।
७. भविष्यमा स्थानीय निकायमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**६९) नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** गाउँ प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिदा पनि निजले काममा लापरवाही गरेमा निजकोचालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**७०) तलब वृद्धि वा पदोन्नति रोक्ने :** गाउँ प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**७१) दर्जा र तलब घटाउने :** कुनै गाउँ प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र राजापुर गाउँकार्यपालिकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।
ख) अनुशासनहीनता गरेमा ।
ग) आचरणसम्वन्धी विनियम उल्लंघन गरेमा ।
घ) नियुक्ति भएको पाच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।
ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।
च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।
छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**७२) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने :** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै गाउँ प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा
ख) राजनीतिमा भाग लिएमा
ग) वरावर अनुशासनहीनताको काम गरेमा

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

च) भ्रष्टाचार गरेमा

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

**७३) सजाय सम्बन्धी कार्यविधि** :

(१) गाउँ प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई हुनेछ

(२) गाउँ प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो गाउँ प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ । तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको गाउँ प्रहरी कर्मचारीको सम्वन्धमा यस विनियमवमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै गाउँ प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो गाउँ प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित गाउँ प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

४) कुनै गाउँ प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जााचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जााचवुझ समाप्त नहुन्जेल सो गाउँ प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ । तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा वढी हुनेछैन ।

५) उपविनियम (४) वमोजिम निलम्वन अवस्थामा रहेको गाउँ प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको गाउँ प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ । तर

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्वन भएका मितिदेखिको बाकी तलव भत्ता पाउने छैन ।

(ख) कुनै कर्मचारी गाउँपालिकाको कामको सम्वन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्वन भएको नभई अरु नै कारणबाट निलम्वन रहन गएको रहेछ भने त्यसरी निलम्वन रहेको अवधिको तलव भत्ता पाउने छैन ।

**७४) सजायको आदेश दिने :** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित गाउँ प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**७५) सेवाको अन्त गर्ने :** कुनै गाउँ प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा विनियम यस विनियम वमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन ।

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै,

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्ट्रिले अनुपयुक्त ठहऱ्याएमा,

**७६) पुनरावेदनको कार्यविधि :**

(१) विनियम ७५ अन्तर्गत दिइएको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ । पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ ।

(३) पुनरावेदन दिँदा प्रमुख प्रशासकिय अधिकृत मार्फत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सचिव समक्ष पेश गर्नु पर्नेछ ।

(४) सजायको सूचना पाएको पैतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ ।

(५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ ।

**७७) गाउँ प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने :** कुनै गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलव भत्ता र तलब वृद्धि पाउने भए तलब बृद्धिसमेत निजले पाउनेछ ।

## परिच्छेद १०
## अवकाश, उपदान र निवृत्तिभरण

**७८) अनिवार्य अवकाश :**

(१) यो विनियमावली जारी भएपछि नियुक्ति भएका देहायका गाउँ प्रहरी कर्मचारीको देहायवमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

क) गाउँ प्रहरी नायब उपरीक्षक -

ख) गाउँ प्रहरी निरीक्षक - ५३ वर्ष
ग) गाउँ प्रहरी नायब निरीक्षक - ५२ वर्ष
घ) गाउँ प्रहरी सहायक निरीक्षक - ५१ वर्ष
ङ) गाउँ प्रहरी हवल्दार/ गाउँ प्रहरी जवान - ५० वर्ष

(२) उमेरको हद, पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि गाउँ प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउने छ।

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागू हुने छैन । तर तल्लो पदमा नोकरीको अवधि लागू हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ।

**स्पष्टीकरण :** नियमको प्रयोजनको निमित्त गाउँ प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहायवमोजिम गरिनेछ :

क) नोकरीमा प्रवेश गरेको वेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर।

ख) त्यस्तो अभिलेख नभएमा निजले नोकरीमा प्रवेश गरेको बेलामा सिटरोलमा लेखीएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर।

(४) यस विनियम वमोजिम निवृत्तिभरण पाउने अवधि पुगेको कुनै गाउँ प्रहरी कर्मचारीलाई गाउँकार्यपालिकाले नोकरीबाट अवकाश दिनेछ।

(५) यो नियम प्रारम्भ हुादा नगर प्रहरी सेवामा वहाल रहेका गाउँ प्रहरी कर्मचारीले उपनियम

(१) वमोजिम अवकाश प्राप्त गर्दा प्रचलित नगर प्रहरी विनियमावली वमोजिम अवकाश प्राप्त गर्न जति उमेर बााकी रहेको छ सो अवधिसमेत निजले गरेको जम्मा नोकरी अवधिमा थपि निजले पाउने निवृत्तिभरणको हिसाव गरिनेछ।

**७९) उपदान :** पाँच वर्ष वा सोभन्दा वढी नोकरी गरेको तर राजीनामा स्वीकृति गराई सेवाबाट हटेमा वा भविष्यमा स्थानीय तहको सेवामा सामान्यतः अयोग्य नठहरिने गरी सेवाबाट हटाइएमा देहायवमोजिम उपदान पाउनेछ।

क) पाँच वर्षदेखि दश वर्षसम्म नोकरी गरेको गाउँ प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलव।

ख) दश वर्षभन्दा वढी पन्ध्र वर्षसम्म नोकरी गरेको गाउँ प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी एक महिनाको तलव।

ग) पन्ध्र वर्ष देखि २० वर्षसम्म नोकरी गरेको गाउँ प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी दुई महिनाको तलव।

घ) बीस वर्षदेखि पच्चिस वर्षसम्म नोकरी गरेको गाउँ प्रहरी कर्मचारीले आफुले काम गरेको प्रत्येक महिनाको निमित्त आखिरी अढाई महिनाको तलव।

**८०) निवृत्तिभरण :** स्वामीकार्तिक खापर गाउँपालिका कर्मचारी सेवा, शर्त प्रदेश सरकार र संघिय सरकारले बनाएको नियम बमोजिम हुनेछ।

**८१) निवृत्तिभरणमा वृद्धि :**

(१) वहालवाला गाउँ प्रहरी कर्मचारीको तलब वृद्धि हुँदा निवृत्तिभरण पाउने गाउँ प्रहरी कर्मचारीको समेत प्रचलित नियमानुसार निवृत्तिभरणमा वृद्धि हुने छ ।

**८२) पारिवारीक निवृत्तिभरण र उपदान :**

(१) गाउँ प्रहरी कर्मचारीको नोकरीमा छदै वा आफूले निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा मृतक कर्मचारीको इच्छाएको व्यक्तिलाई नियमानुसार निवृत्तिभरण दिइनेछ ।

**८३) अशक्त वृत्तिः**

(१) कुनै गाउँ प्रहरी कर्मचारी आफ्नो पदको कर्तव्य पालना गर्दा वा तालिमको सिलसिलामा दुर्घटनामा परी वा आघातमा परी अंगभंग भएको छ वा चोट पटक लागेको छ र गाउँ प्रहरी सेवाको लागि अशक्त भएको छ भने त्यस्तो गाउँ प्रहरी कर्मचारीको निवृत्तिभरण पाउने अवधि पुगी सकेको भए निजले खाइपाई आएको तलवले पाउने निवृत्तिभरणमा वा निवृत्तिभरण पाउने अवधि पुगी नसकेको भए निजलको जीविकाको निमित्त बाचुन्जेलसम्म अशक्तवृत्तिको रुपमा उपनियम ८४ मा लेखिएवमोजिम निवृत्तिभरणसहित अशक्त भत्ता पाउनेछ ।

(२) यस्तो अशक्त गाउँ प्रहरी कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउन गर्नुपर्ने नोकरी वर्षभन्दा घटी भएमा यस विनियमावली वमोजिम निवृत्तिभरण पाउने वर्ष पुऱ्याउन नपुग प्रत्येक पूरा वा चानचुन वर्षको निमित्त दामासाहीबाट कट्टी गर्दा एक तिहाइभन्दा वढी कट्टी गरिने छैन । अर्थात कम्तीमा सो दर्जाले पाउने निवृत्तिभरणको दुई तिहाइ निवृत्तिभरण पाउनेछ ।

(३) अशक्तवापत उपनियम (१) वा (२) मा लेखिएको निवृत्तिभरणमा थप पाउने मासिक अशक्तवृत्ति अंक देहायवमोजिम हुनेछ ।

| अशक्तताको प्रतिशत | अधिकृत स्तर | गाउँ प्रहरी नायव निरीक्षक | गाउँ प्रहरी सहायक निरीक्षक | गाउँ प्रहरी हवल्दार | गाउँ प्रहरी जवान/सहयोगी |
|---|---|---|---|---|---|
| १०० | ५०० | २४० | १९५ | १७५ | १६० |
| ९० | ४५० | २१६ | १७४ | १५८ | १४४ |
| ८० | ४०० | १९२ | १५४ | १४० | १२८ |
| ७० | ३५० | १६८ | १३६ | १२४ | ११२ |
| ६० | ३०० | १४४ | ११६ | १०६ | ९६ |
| ५० | २५० | १२० | ९६ | ८८ | ८० |
| ४० | २०० | ९६ | ७८ | ७० | ६४ |
| ३० | १५० | ७२ | ५८ | ५४ | ४८ |
| २० | १०० | ४८ | ४० | ३६ | ३२ |

(४) यस नियममा अन्यत्र कुरा लेखिएको भए तापनि गाउँ प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैविक प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा

लडी अशक्त भएमा त्यस्तो गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र निजले उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी ७ वर्षसम्म खाईपाई आएको पुरा तलब भत्ता पाउनेछ र उक्त पूरा तलब भत्ता पाउने अवधि व्यतित भएपछि निवृत्तिभरण पाक्ने अवधिभन्दा कम सेवा अवधि भएको गाउँ प्रहरी कर्मचारीले निवृत्तभरण पाकेको अवधि सरह र निवृत्तिभरण पाक्ने अवधिभन्दा वढी सेवा अवधि भएका गाउँ प्रहरी कर्मचारीले सोहीवमोजिम निवृत्तिभरण पाउनेछ ।

(५) गाउँ प्रहरी कर्मचारीको अशक्तताको निर्धारण गर्न देहायवमोजिमका समिति रहनेछन्:

(१) प्रमुख प्रशासकिय अधिकृत अध्यक्ष
(२) प्रतिनिधि : चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल सदस्य
(३) प्रतिनिधि : नगर प्रहरी प्रमुख सदस्य सचिव

(६) उपनियम (५) वमोजिम गठित समितिलाई कुनै गाउँ प्रहरी कर्मचारको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्वन्धमा निर्णय गर्नेसमेत अधिकार हुनेछ ।

**८४) अशक्त वृत्तिको अंक निर्धारण :** अशक्तवृत्ति पाउने हुँदा गाउँ प्रहरी कर्मचारी कुनै माथिल्लो पदमा कायम मुकायम वा कार्यवाहक भएको रहेछ भने सोही कायम मुकायम वा कार्यवाहक भएको पदको आधारबाट र अशक्त भएपछि सेवाबाट हट्दासम्म बढुवा पाइसकेको रहेछ भने वढुवा पाएको पदको आधारबाट निजले पाउने अशक्तवृत्तिकोअंक निर्धारण गरिनेछ ।

**८५) निवृत्तिभरण सम्वन्धी कार्यविधि :**

(१) उमेरको हक वा सेवा अवधि पुगेको कारणबाट निवृत्तिभरण पाउने कर्मचारीले अवकाश लिने मितिभन्दा छ महिना अघि तोकिएको फाराम भरी अख्तियारवाला कहाँ पठाउनुपर्दछ । गाउँप्रहरी कर्मचारीको मृत्यु भएमा निजको परिवारले प्राप्त गर्ने निवृत्तिभरणको निमित्त दरखास्त कर्मचारीको मृत्यु भएको ६ महिनाभित्र अख्तियारवाला कहाँ पठाउनुपर्नेछ ।

**८६) असाधारण पारिवारिक वृत्ति र उपदान :**

(१) कुनै गाउँ प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिदा तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगको भए तापनि मृतक गाउँ प्रहरी कर्मचारीको सबैभन्दा नजिकको हकवालाले त्यस्तो गाउँ प्रहरी कर्मचारीले खाइपाई आएको तलवको आधा पारिवारिक निवृत्तिभरण पाउने र त्यस्तो हकवालालाई देहायवमोजिम असाधारण पारिवारिक उपदान समेत दिइनेछ ।

क) १० वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाईपाई आएको प्रति वर्ष १ महिनाको तलव वरावरको रकम ।

ख) १० वर्ष देखि २० वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको प्रति वर्ष २ महिनाको तलव वरावरको रकम ।

ग) २० वर्षभन्दा वढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाईपाई आएको प्रति वर्ष ३ महिनाको तलव वरावरको रकम ।

(२) यो विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको तयतापनि असाधारण निवृत्तिभरणको प्रयोजनको निमित्त वहालवाला भन्नाले मृतक गाउँ प्रहरी कर्मचारीको पत्नी, नावालक छोरा, अविवाहित छोरी र आश्रित बाबु, आमालाई मात्र जनाउनेछ ।

(३) उपनियम (१) र (२) वमोजिम असाधारण पारिवारिक निवृत्तिभरण मृतक गाउँ प्रहरी कर्मचारीको पत्नी वा बाबु आमा भए आजीवन र छोरा वा छोरीले भए २१ वर्षको उमेर पुरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

(४)मृतक महिला गाउँ प्रहरी कर्मचारीको विधुर पतिको हकमा बासगढी नगरपालिकाले उचित र न्यायसंगत तरिकाबाट कारवाही गर्न सक्नेछ ।

**८७) असाधारण पारिवारिक वृत्तिको अंक निर्धारण :** कुनै गाउँ प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिदा तत्काल मृत्यु भएको रहेछ भने सोही कायम मुकायम वा कार्यवाहक भएको पदको आधारबाट र तत्काल मृत्यु नभएमा सो घटना घटेको मितिदेखि मृत्यु भएको मितिसम्ममा वढुवा पाइसकेको रहेछ भने सो वढुवा भएको पदको आधारबाट असाधारण पारिवारिक वृत्तिको अंक निर्धारण गरिनेछ ।

**८८) सन्ततिवृत्ति र शैक्षिक भत्ताः**

(१) कुनै गाउँ प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिादा तत्काल मृत्यु वा सोही कारणले गर्दा आजीवन काम गर्न नसक्ने अशक्त भएमा त्यस्तो मृतक वा अशक्त गाउँ प्रहरी कर्मचारीको प्रत्येक सन्ततिलाई रु. ५०० (पाँच सय) को दरले मासिक सन्ततिवृत्ति दिइनेछ । (सन्तति भन्नाले पत्नि, छोरा, छोरीलाई जनाउनेछ )

(२) उपनियम १ वमोजिम वृत्ति सम्वन्धित सन्ततिले २१ वर्षको उमेर पुरा गरेमा वा विवाह वा सरकारी सेवा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म पाउँनेछ ।

**८९) नोकरी अवधिको गणना :**

(१) यस परिच्छेदको प्रयोजनको निमित्त नोकरी अवधिको गणना गर्दा गाउँ प्रहरी सेवा वा पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा अवधि ( बीचमा टुटेको अवधि कटाई) लाई गणना गरिनेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापनि उपदान पाइसकेको व्यक्ति गाउँ प्रहरी सेवा वा पदमा नियुक्ति भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ ।

(३) उपनियम (१) अनुसार गणना गर्दा निलम्वनमा रहेको अवधिलाई समेत गणना गरिनेछ ।

**९०) उपचार खर्च :**

(१) कुनै गाउँ प्रहरी कर्मचारी विरामी भएमा औषधि उपचारको लागि देहाय वमोजिम भएको खर्चको रकम गाउँपालिकाले उपचार खर्चवापत दिनेछः-

क) अस्पताल भर्ना भई वा नभई उपचार गराउादा लागेको अस्पतालको विल वमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदानसहतिको प्रेशक्रिप्शनवमोजिम खरिद गरेको औषधि खर्च ।

ख) अस्पताल नभएको ठाउामा वा अस्पताल भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुनु नपर्ने वा भर्ना हुन नसकेको अवस्था वा कुनै किसिमको रोगको सम्वन्धमा कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेण्टले जााचगर्दा लिएको शुल्क र रोगको निदानसहितको प्रेशक्रिप्शनअनुसार खरिद गरेको औषधि खर्च ।

ग) अस्पताल पनि नभएको र डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेन्ट पनि नभएको ठाउँमा भएको उपचारमा कार्यालय प्रमुख, मातहतका गाउँ प्रहरी कर्मचारीको हकमा कार्यालय प्रमुखले, कार्यालय प्रमुखको हकमा एक तहमाथिको अभिकारीले सिफारिस गरेको खर्च ।

घ) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार (सर्जिकल अपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको बिल वमोजिमको खर्च ।

ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउादा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कदाको विरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्चवापत निज विरामी गाउँ प्रहरी कर्मचारीको नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ प्रहरी कर्मचारीको तमाम नोकरी अवधिभरमा अधिकृत स्तरको भए १२ महिना र सो भन्दा मुनिको पदको लागि १८ महिना वरावरको तलब रकमसम्म मात्र उपचार खर्च दिइनेछ । तर कार्यालयको कामको सिलसिलामा चोटपटक लाग्न गई घाईते भएको गाउँ प्रहरीको उपचार गर्न लागेको सम्पूर्ण खर्च वा नेपाल राज्यभित्र औषधि उपचार हुन नसक्ने भनी नेपाल सरकारद्धारा नियुक्त मेडिकल वोर्डले सिफारिस गरेको गाउँ प्रहरी कर्मचारीले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई गाउँपालिकाले उपचार खर्च र एक जना विरामी कुरुवाको खर्च समेत उपलब्ध गराउनेछ ।

(३) यस नियमवमोजिम पाउने उपचार खर्च कुनै गाउँ प्रहरी कर्मचारीले पेश्कीको रुपमा लिन चाहेमा कारण मनासिब देखिए उपनियम (२) को अधिनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सक्नेछ

(४) गाउँ प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा नावालक छोरा छोरी विरामीले यस विनियमावली वमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधारसम्म बिलबमोजिमको भएको उपचार खर्चको नब्बे प्रतिशत रकम सम्वन्धित कर्मचारीले लिन पाउनेछ । त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान उल्लेख गरिएको चिकित्सकको प्रेशक्रिप्शन पनि पेश गर्नुपर्नेछ । यस

उपनियमवमोजिम पाउने उपचार खर्च एक पटकमा सम्वन्धित गाउँ प्रहरी कर्मचारीको एक महिनाको तलबभन्दा बढी हुने छैन ।
(५) गाउँ प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा नावालक छोरा छोरी विरामी भई विदेशमा गई उपचार गराउनुपर्दा वा स्वदेशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनुपर्दा अस्पतालमा लागेको बिलवमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शनवमोजिम लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उपनियम (२) वमोजिम गाउँ प्रहरी कर्मचारीले पाउने रकममध्येबाट पाउनेछ ।
(६) उपनिय (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ प्रहरी कर्मचारीको संगोलको पति वा पत्नी, आमा, बाबु वा कुनै सरकारी वा सरकारी स्वामित्व वा नियन्त्रणमा भएको संस्थाको सेवामा वहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउने छैन ।
(७) यस नियमा यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा १,०००।- ( एक हजार) भन्दा घटी रकम खर्च भएको उपचार खर्च पाउने छैन ।
(८) झुट्टा व्यहोरा पेश गरी नियमवमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारी उपर विभागीय कारवाही गरिनेछ । त्यसरी उपचार खर्च लिई सकेको भए सो रकमसमेत त्यस्तो गाउँ प्रहरी कर्मचारीबाट असुल गरिनेछ ।
(९) भविष्यमा स्थानीय निकायको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा वाहेक अरु जुनसुकै व्यहोराबाट गाउँ प्रहरी कर्मचारीले नोकरीबाट अलग हुँदा उपनियम (२) वमोजिम नोकरी अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च वाांकी रहेको भए त्यस्तो बाांकी भएजति रकमको दुई तिहाइको हिसावले हुने एकमुष्ट रकम निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ । तर निवृत्तिभरण पाउने गरी सेवाबाट अवकाश पाएका गाउँ प्रहरी कर्मचारीले त्यस्तो बाांकी भएजति पूरै रकम र पच्चीस वर्ष सेवा अवधि पूरा गरेको रहेछ भने त्यसमा १० प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ ।
(१०) कुनै गाउँ प्रहरी कर्मचारी दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा स्थानीय निकायको नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट नोकरीबाट अलग भएमा पनि दश वर्षको नोकरी अवधि मानी त्यसैको दामासाहीले उपनियम (१) अनुसार पाउने उपचार खर्च पाउनेछ ।
(११) दश वर्ष सेवा अवधि नपुगेको कुनै गाउँ प्रहरी कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिदा उपनियम (२) मा तोकिएको रकमलाई दश वर्ष नोकरी गरेवापत पाउने रकम मानी दामासाहीले हुन आउने रकममात्र दिइनेछ ।
(१२) कुनै गाउँ प्रहरी कर्मचारीलाई देहायको अवस्थामा बाहेक परिवार र आफ्नो निमित्त समेत गरेर एक वर्षमा निजले खाईपाई आएको डेढ महिनाको तलब वरावरको रकमभन्दा वढी उपचार खर्च दिइने छैन ।

क) यस नियमवमोजिम विदेशमा गई उपचार गराउनुपर्दा वा स्वदेशमै पनि अस्पतालमा भर्ना भई उपचार गराउनु पर्दा ।

ख) उपनियम (६) बमोजिम परिवारलाई उपचार गराउादा ।

(१३) यस नियमवमोजिम गाउँप्रहरी कर्मचारीले पाएको उपचार खर्चको विवरण कार्यालयले नगर प्रहरीको विदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नुपर्नेछ ।

## परिच्छेद ११
## तलब, भत्ता

**९१) तलब भत्ता :** गाउँ प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ । तलव र राशन भत्ता उपत्यकाको नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार हुनेछ ।

**९२) टाइम स्केल:**

(१) टाइम स्केलअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यत: स्केलमा लेखिएको न्यूनतम तलब पाउने छ । तर अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा गाउँकार्यपालिकाले निजको प्रारम्भिक तलबलाई टाइम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ । असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ

(२) उच्चस्तर टाइम स्केलको कुनै पदमा स्थायी रुपमा वढुवा पाउने गाउँ प्रहरी कर्मचारीले पनि उक्त उच्चतम टाइम स्केलमा लेखिएका न्यूनतम तलब पाउने छ ।

**९३)तलब वृद्धि :** देहायको अवस्थामा बाहेक प्रत्येक गाउँ प्रहरी कर्मचारीले एक वर्ष सेवा पुरा गरेपछि एग्रेट वृद्धि पाउनेछ ।

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र

(ग) तलब वृद्धि रोक्का । तर नियुक्ति सदर भएपछि गाउँ प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधिसमेत तलब वृद्धिको निमित्त जोडिनेछ ।

**९४) कायम मुकायम भई काम गरेको तलब भत्ता :** कुनै गाउँ प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि निजले माथिल्लो पदको तलब भत्ता पाउने छ ।

**९५) अवकाश पाउने कर्मचारी पाउने तलब र राशन** गाउँ प्रहरी कर्मचारी राजीनामा दिई वा अनिवार्य अवकाश पाई सेवा निवृत्त भएमा सोको सूचना पाएको मितिसम्म निजले खाईपाई आएको तलब, भत्ता, रासन र अन्य सुविधासमेत पाउनेछ । तर कार्यालयमा गैर-हाजिर रही विभागीय कारवाही शुरु गरिएको वा कारवाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब, भत्ता र रासन पाउने छैन ।

## परिच्छेद १२
## कायम मुकायम र कार्यवाहकको व्यवस्था

**९६) कायम मुकायम मुकरर गर्न सक्ने :**

(१) गाउँ प्रहरी सेवाका कुनै पदमा साधारणतया कायम मुकायम मुकरर गरिने छैन । तर पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य संचालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिने छ।

(२) यस विनियमवमोजिम कायम मुकायम मुकरर गर्दा एकतह मुनिका कर्मचारीहरु मध्ये वढुवाको लागि योग्य भएका मध्येबाट सबै भन्दा जेष्ठ गाउँ प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिनेछ।

(३) कुनै गाउँ प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ।

**९७) कायम मुकायम गर्ने अधिकारी :**

(१) गाउँ प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर गाउँपालिका प्रमुख प्रशासकिय अधिकृतलेगर्ने ।

(२) उपनियम (१) वमोजिम कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबभन्दा वरिष्ठ गाउँ प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिने छ ।

(३) उपनियम (१) वमोजिम कार्यवाहक भई काम गर्न तोकिएको गाउँ प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ ।

(४) देहायको अवस्थामा कायम मुकायम मुकरर गर्न सकिने छैन:

(क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधिभए,
(ख) निलम्बन भएकोमा सो अवधिभर,
(ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,
(घ) तलब बृद्धि रोक्का भएकोमा रोक्का अवधिभर ।

**९८) निमित्त भई काम गर्ने व्यवस्था :**

(१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाध्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ गाउँ प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने गाउँ प्रहरी कर्मचारीको हुनेछ ।

**९९) एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुने :** कुनै एक पदमा एक समयमा एकभन्दा वढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

**१००)काम गरेको अवधिको तलब भत्ता :**

(१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने गाउँ प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ। तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र राशन दिइने छैन र पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम

गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइने छ ।

## परिच्छेद १३
## तालिम नगर प्रहरी

**१०१) तालिम को व्यवस्था :** गाउँ प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन स्वामीकार्तिक खापर गाउँकार्यपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ । **१०२) तालिम संचालन हुने स्थान :** गाउँपालिकाले तोकिएको स्थानमा हुनेछ ।

**१०३) तालिमको अवधि :** गाउँ  प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि स्वामीकार्तिक खापर गाउँपालिकाले तोकेको पाठयक्रम अनुसार हुनेछ ।

**१०४)तालिमको अनिवार्यता :**

(१) गाउँ प्रहरी सेवामा रहेका सबै गाउँ प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको गाउँ प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

**१०५) तालिमको पाठ्यक्रम :** विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न गाउँ प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

**१०६) प्रशिक्षार्थीले पाउने सुविधा :**

(१) उपत्यका वाहिर प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित स्थानीय स्वायत्त शासन नियमावली २०५६ अनुसार हुनेछ ।

(२) राशन पाउने गाउँ प्रहरी कर्मचारीहरुलाई उपत्यकाका नेपाल प्रहरीले पाए सरह राशन र भत्ता पाउने छन्।

**१०७) तालिम सफल भएमा :** देहाय तालिममा सफल हुन गाउँ प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछ :

(क) गाउँ प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरु स्थायी नियुक्तिका लागि सामान्यतया योग्य हुनेछन ।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु गाउँ प्रहरी जवानहरुमा स्थायी नियुक्तिको लागि योग्य हुनेछन ।

**१०८)समिति गठन हुने :** विनियम १०६ र १०७ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशासकिय अधिकृतले तोके बमोजिमका अधिकृतहरु भएको एक समिति गठन हुनेछ । त्यस समितिले गरेको ठहरवमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ ।

**१०९) प्रारम्भिक पोशाक :**

(१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिम केन्द्रबाट स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक स्वामीकार्तिक खापर गाउँपालिकाले दिइनेछ ।

**११०) तालिममा सामेल गराउने संख्या :** गाउँ प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी गाउँ प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन गाउँ प्रहरी अधिकृत कर्मचारीहरु तोक्नेछन्।

**१११) प्रशिक्षण भत्ता :** राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ ।

**११२) अतिथि प्रशिक्षकहरुको पारिश्रमिक:** गाउँकार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

**११३) आन्तरिक तालिम :** एकै पटक नियुक्ति भएमा वा वढुवा भएमा गाउँ प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ र ३५ वर्ष उमेर नाघेकालाई शारिरीक तालिममा अनिवार्यता गरिने छैन ।

## परिच्छेद १४
## पोशाक

**११४) गाउँ प्रहरी पोशाक :** गाउँ प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण प्रमुख प्रशासकिय अधिकृतले तोके बमोजिम हुनेछ ।

**११५) प्रारम्भिक पोशाक र सामान :** प्रत्येक गाउँ प्रहरी कर्मचारीलाई अनुसूचिमा तोक बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

**११६) जाडो मौसमका लागि दिइने पोशाक :** प्रत्येक गाउँ प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ ।

**११७) सेरोमोनियल पोशाक :** अधिकृत कर्मचारीहरुलाई सेरीमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराईनेछ ।

**११८) तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा :** गाउँ प्रहरी कर्मचारीलाई अनुसूचिमा उल्लेख भएबमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम सिलाई ज्याला दिइनेछ ।

**११९) नगर प्रहरीको पोशाक सट्टा भर्ना:** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे वमोजिम सट्टा गरी नयाा दिइनेछ ।

## परिच्छेद १५
## विविध

**१२०) विभागीय आदेश र निर्देशन :** ऐन र यस विनियमावलीको परिधिभित्र रही देहायका विषयमा गाउँ प्रहरी प्रमुखले प्रमुख प्रशासकिय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय
(ख) मातहतको गाउँ प्रहरी कार्यालयलाई नियन्त्रण गर्न विषय
(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय
(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय
(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**१२१) पुरस्कार :** देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका गाउँ प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो गाउँ प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन्:

**१२२) दशै खर्च पाउने :** गाउँ प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनको पन्ध्र दिन अगाडि दशै खर्चको रुपमा पाउनेछ ।

**१२३) अन्य सुविधा तथा व्यवस्था :**

(१) स्वामीकार्तिक खापर गाउँकार्यपालिकाले गाउँ प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु तोके बमोजिम हुनेछ

(२) हाल करार सेवामा रहेका गाउँ प्रहरी जवानहरुको हकमा यो विनियममा जुन सुकै कुरा लेखिएको भए तापनि विनियम जारी भएपछि हुने पहिलो गाउँ प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एक पटकलाई भाग लिन उमेरको हद लाग्ने छैन ।

(३) हाल कार्यरत गाउँ प्रहरीहरुले काठमाडौ गाउँपालिकाको अन्य सेवा समुहमा प्रवेश गर्न चाहेमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम हुनेछ ।

(४) यदि यो नियम भन्दा अगाडि अविछिन्न अस्थाई वा स्थायी नोकरी अवधि समेत गणना गर्दा सेवा अवधि २१ वर्ष पुगी २५ वर्ष ननाघ्दै उपदान लिई सेवा छाड्न चाहेमा प्रत्येक काम गरेको वर्षकोतीन महिनाका दरले हालको प्रचलित स्केल अनुसार हुने तलब वरावरको रकम एक मुष्ट उपदान वा सोही अवधि मानी निवृत्तिभरण उपलब्ध गराईने छ ।

(५) विनियम १२३ (४) वमोजिमको सुविधा लिने गाउँ प्रहरी कर्मचारीको उमेर ४० वर्ष पूरा भई ५८ वर्ष पुग्न कम्तिमा ५ (पाँच) वर्ष बााकी भएको हुनुपर्नेछ ।

(६) विनियम १२३ (४), (५) को व्यवस्था यो विनियमावली लागू भएको सालको भाद्र १५ गतेबाट १ (एक) वर्षसम्म मात्र लागू हुनेछ ।

(७) विनियम १२३ (२) वमोजिमको खुल्ला विज्ञापनमा भाग नलिई सेवाबाट स्वेच्छाले हटन चाहने करार सेवामा कार्यरत गाउँ प्रहरी जवानहरुलाई करार सेवामा काम गरेको अवधिको प्रति वर्षको एक महिनाको प्रचलित स्केल वमोजिमको तलव एक मुष्ट उपलब्ध गराईनेछ । चानचुन महिना तथा दिनलाई दामाशाहीले हिसाव गरिनेछ ।

(८) यो विनियमावली जारी भए पश्चात रिक्त गाउँ प्रहरी जवान पदमा खुल्ला विज्ञापन मार्फत पदपूर्ति गरेपछि करार सेवामा गाउँ प्रहरी राखिने छैन ।

(९) यो विनियमावली जारी भए पछि गाउँ प्रहरी जवान पदमा खुल्ला प्रतिस्पर्धाद्धारा पदपूर्ति गर्न गरिएको विज्ञापन बमोजिम प्रतिस्पर्धामा सामेल हुन नचाहने करार सेवामा कार्यरत गाउँ प्रहरी जवानले मात्र विनियम १२३ (७) बमोजिमको सुविधाको लागि दरखास्त फारम भर्ने अन्तिम मितिले सात दिन भित्र गाउँपालिका कार्यालयमा निवेदन पेश गरिसकेको हुनुपर्नेछ । उल्लेखित म्याद भित्र निवेदन नगर्ने करार सेवाका गाउँ प्रहरी जवानको हकमा भने यो सुविधा उपलब्ध हुने छैन ।

(१०) विनियम १२३ (२) बमोजिमको सुविधा लिन चाहने करार सेवामा कार्यरत गाउँ प्रहरी जवानहरुले विनियम १२३ (७) बमोजिम खुल्ला तर्फको विज्ञापन अनुसारको आवेदन फारम भर्न पाउने छैन ।

## परिच्छेद १६
## बाधा अड्काउ फुकाऊः

स्वामीकार्तिक खापर गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत गाउँ प्रहरी

१२४) **कर्मचारीहरुकोसेवा, शर्त, सुविधा र संचालन** यस विनियमावलीमा व्यवस्था भएको हदसम्म यसै विनियमावली बमोजिम हुनेछ । यस विनियमावलीमा व्यवस्था नभएका विषयहरुको हकमा प्रदेश सरकारले बनाएको नियमावली, ..... बमोजिम हुनेछ र सो नियमावलीमा नभएका व्यवस्थाहरुको हकमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा उल्लेखित व्यवस्था बमोजिम हुनेछ ।

१२५) **विनियमावली संशोधन :** यस विनियामवलीमा आवश्यक संशोधन र स्वामीकार्तिक खापर गाउँ कार्यपालिकाको गाउँसभा्बाट गर्ने सक्नेछ ।

**प्रमाणिकरण गर्ने**

नामथर : चिरन्जीवी शाही

पद : गाउँपालिका अध्यक्ष

दस्तखत :

मिति :